**Well Come Speech for NITF-2023 ( Mr.Sur Krishna Vaidya)**

- नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको समुद्घाटन समारोहमा आफ्नो अति व्यस्त कार्यतालिकाका वावजुद पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी आजको यस समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुभई हामीलाई हौसला प्रदान गरिदिनु भएकोमा सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।
- सम्माननीय सभामुखज्यूलाई Nepal International Trade Fair-NITF को नवौ संस्करणको यस समुदघाटन समारोहमा हार्दिक स्वागत अभिवादन गर्दछु ।
- समुदघाटन समारोहमा उपस्थित माननीय सांसदज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, उच्च पदस्थ अधिकारीहरु, महासंघका पूर्व अध्यक्षज्यूहरु , वर्तमान एवं पुर्व पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु, Excellences, महासंघको व्यापार मेला समितिका पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु, महासंघका सदस्य संघ संस्थाका अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु, उद्यमी व्यवसायीहरु, संचार माध्यमका साथीहरु यहांहरु सबैमा हार्दिक स्वागत अभिवादन ।
- A cordial welcome to our distinguished delegates and exhibitors participating from China, India, Bangladesh, and Pakistan at the prestigious Nepal International Trade Fair of 2023.
- यहांहरु सबैको यो गरिमामय उपस्थिति हाम्रा लागि निकै नै महत्वपूर्ण छ, हामीलाई उर्जा मिलेको छ ।

- मेला प्रदर्शनीलाई विश्वभरनै व्यापार प्रवर्द्धनको एक सशक्त एवं प्रभावकारी माध्यमको रूपमा लिइन्छ । मेला- क्रेता, विक्रेता, सृजनाकार, लगानीकर्ताहरूलाई एकै थलोमा भेला गराउने, व्यवसायिक कौशल आदानप्रदान गर्ने दरिलो माध्यम पनि हो ।
- यस्ता कार्यक्रमले उत्पादन विविधिकरण, गुणस्तर सुधार, उपभोक्ताको चाहना, पहिचान र उत्पादन तथा सेवालाई अन्तराष्ट्रिय बजार प्रवर्द्धनमा समेत सहयोग पुरयाउने हाम्रो वलियो विश्वास छ
- विश्व सामुन्ने नेपाललाई लगानीका लागि मुख्य आकर्षक गन्तव्यको रूपमा पहिचान गराई व्यापार तथा लगानी आकर्षण गर्ने NITF-2023 को मुख्य उद्देश्य रहेको छ ।
- नेपालमा मेला महोत्सवहरू निकै नै हुने भए पनि वार्षिक क्यालेण्डरका रूपमा अन्तर्राष्ट्रियस्तरको व्यापार मेला हुन नसकिरहेको परिप्रेक्षमा १३ वर्ष अघि महासंघले नेपाल भित्रै वर्षेनी एक अन्तर्राष्ट्रियस्तरको व्यापार मेला आयोजना गर्ने अठोटका साथ NITF को सुरुवात गरेको थियो ।
- हाम्रो यो अठोटलाई नेपाल सरकारले पनि सहर्ष साथ दियो । मेला आयोजनामा निरन्तर सहयोग र सहकार्यका लागि नेपाल सरकार विशेष गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।
- म नेपाल सरकार व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई सहयोगका लागि हार्दिक आभार व्यक्त गर्दछु ।
- गएका केही वर्ष कोभिड महामारी लगायतका कारणबाट मेला आयोजनामा ठूलो समस्या आइपरयो । र केही वर्ष मेला रोकिएको थियो । अव यसलाई निरन्तरता दिने कार्यको हामीले थालनी गरेका छौं ।

NITF को यो नवौं संस्करणसम्म आइपुग्दा यसले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा आफ्नो एक पहिचान समेत बनाई सकेको छ ।

- नेपालको व्यावसायिक क्यालेण्डरमा यो परिचित भैसकेको छ । स्थापित भैसकेको छ । महासंघ पनि यसको स्तर अभिवृद्धिमा निरन्तर लागि परेको छ ।
- मेलामा स्वदेशी एवं विदेशी गरी करिव २१० वटा स्टलहरुमार्फत विभिन्न वस्तु तथा सेवाको प्रदर्शनी हुने छ
- मेला महोत्सवलाई हरेक देशले उच्च प्राथमिकता दिएका हुन्छन् । हाम्रै छिमेकी देश भारत र चीनमा पनि हरेक साल विशाल विशाल मेला महोत्सवहरु आयोजना हुदै आएका छन्
- नेपालले पनि ती मेलाहरुमा भाग लिदै आएको छ । मेला वस्तु तथा सेवाको प्रवर्द्धन, प्रविधिको आदान प्रदानका लागि सबैभन्दा प्रभावकारी माध्यम रहेको कुरालाई विश्वव्यापी रूपमा स्वीकारिएको छ,
- वाह्य देशहरूमा आयोजना हुने मेलाहरूमा भाग लिंदाको हाम्रो अनुभवले पनि मेलालाई प्रत्यक्ष खरिद विक्रीका लागि भन्दा पनि यसलाई व्यवसायिक सम्बन्ध विस्तार गर्ने, व्यवसायिक सम्झौताहरू गर्ने, संयुक्त लगानी आकर्षण गर्ने, व्यवसायिक सहकार्यलाई थालनी गर्ने अवसरको रूपमा भरपुर प्रयोग गरेको पाइन्छ ।
- तर हाम्रो सन्दर्भमा व्यापार मेलाहरू अझै पनि उपभोक्ता मेलाकै अवस्थाबाट माथि उठ्न नसकेको यथार्थतालाई आत्मसात् गर्दै महासंघले यसलाई समग्रमा सिंगो देशकै प्रवर्द्धन गर्ने अभिप्रायले Show casing Nepal and The Globe को Theme मा निरन्तर आयोजना गर्दै आएको छ ।

## सम्माननीय सभामुखज्यू

- नेपालमा पनि पछिल्लो पटक मेला महोत्सवको महत्व बढ्दै गएको छ । मेला आयोजनाको संख्यामा पनि उल्लेख्य वृद्धि भैरहेको छ, अर्को महत्वपूर्ण कुरा त हामीकोमा पनि क्षेत्रगत मेलाहरु आयोजना हुने प्रथाको शूरुवात भैसकेको छ
- मेला महोत्सव व्यवस्थित र स्तरीयरुपमा आयोजना गर्न हामी निजी क्षेत्र सक्षम भैसकेका छौं । तर उपयुक्त र स्तरीय प्रदर्शनी स्थल नहुंदा हामीले मेला आयोजनाका क्रममा थुप्रै समस्या भोग्नु परेको छ ।
- यसले हाम्रा विदेशी पाहुनाहरुमा समेत राम्रो संदेश नगएकोतर्फ हामी अत्यन्त चिन्तित छौं ।
- हामीले उच्चस्तरीय प्रदर्शनी स्थलको निर्माणका लागि वारम्वार सरकारलाई अनुरोध पनि गर्दै आएका छौं तैपनि त्यसले मूर्त रुप पाउन सकेको छैन । निजी क्षेत्र आफैले पनि बनाउछौं सहयोग होस पनि भनेका हौं । हामी सम्माननीय सभामुखज्यूमार्फत सरकारलाई जतिसक्दो छिटो यस्ता प्रदर्शनीस्थल निर्माणका लागि सहयोग गर्न आग्रह गर्दछौं ।
- विगत केही वर्षयता नेपालमा मेला महोत्सवको संख्या तीव्ररूपमा बढदै गएको छ । यसलाई हामीले निकै सकारात्मक रूपमा लिएका छौं । तर मेला महोत्सवसँगै भित्रिएका विकृतिबाट निजी क्षेत्र चिन्तित छ ।
- सम्माननीय सभामुखज्यू, उद्योग व्यवसायको प्रवर्द्धनका लागि उद्योग व्यवसाय क्षेत्रनै विज्ञ समूह हो भन्ने हाम्रो वुझाई छ । उद्योग व्यवसायको मर्म र महत्व यस क्षेत्रलाई जति अरुलाई नहुने हाम्रो विश्वास हो ।
- तर केही वर्षदेखि उद्योग व्यवसाय प्रवर्द्धनमा सघाउ पुर्‍याउने नाउँमा गैह्र औद्योगिक व्यवसायिक क्षेत्रबाट समेत मेला महोत्सव आयोजना गर्ने

विकृति बढेकाले हामी अत्यन्त चिन्तित छौं । यस्ता गैह्र व्यवसायिक क्षेत्रबाट आयोजना गरिएका त्यस्ता मेला महोत्सव उद्योग व्यवसायको प्रवर्द्धन भन्दा पनि कमाउ धन्दा भएको र यसले मेला महोत्सवको गुणस्तरमै असर पार्नेतर्फ हाम्रो गम्भीर चिन्ता छ ।

- यसर्थ सरकारबाट औद्योगिक व्यापार मेला महोत्सवको आयोजनामा उद्योग वाणिज्य संघ संस्था बाहेक अन्य संघ संस्थाहरूलाई रोक लगाउन पर्ने हाम्रो सुझाव छ ।

**आमन्त्रित पाहुनाहरुः**

- नेपालको व्यापार घाटाका वारेमा मैले भनिरहन पर्दैन सबै जानकार हुनुहुन्छ । संसारका जतिमुलुकमा हामी व्यापार गर्छौ एकाध मुलुकलाई छोडेर सवैमा हाम्रो व्यापार घाटामा चलेको छ ।
- छिमेकी देश भारत र चीनसंगको व्यापार घाटा हाम्रा लागि टाउको दुखाई बनिसकेको छ । यस्तो अवस्थामा हाम्रो निर्यात वढाउनुको विकल्प छैन ।
- निर्यात वढाउने एक उपाय भनेको हाम्रा उत्पादनहरूको प्रर्दशन पनि हो र यस्ता प्रर्दशनीले उत्पादक र उपभोक्ता खरिदकर्ता र आपूर्तिकर्ता बीचको सम्पर्क स्थापना गराउंछ ।
- नेपाली उत्पादनको प्रर्दशनी नेपालमा मात्र सीमित नगरी विदेशमा समेत वढाउनु पर्ने चुनौती हाम्रो छ । नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला, मुलुकभित्र अर्थतन्त्रलाई चलायमान बनाउन, नेपालमा व्यवसाय विस्तार तथा लगानीका लागि उपयुक्त वातावरण छ, नेपाल अब लगानी आकर्षणका लागि भोको छ भन्ने संदेश अन्तराष्ट्रिय जगत समक्ष प्रवाह गर्न सफल हुने हाम्रो विश्वास छ ।

- म यस अवसरमा मेलामा सहभागी हुन आउनु भएका विदेशी उद्यमी व्यवसायीहरूलाई आफ्ना देशमा गई नेपालमा लगानीका अवसर वारे सकारात्मक संदेश प्रवाह गर्न तथा संयुक्त लगानी, प्रविधि मार्फत नेपाललाई सहयोग गर्न आग्रह समेत गर्दछु ।
- मेलाको भरपुर उपयोग गर्दै स्वदेशी उद्यमी व्यवसायीहरूलाई, आफ्ना विदेशी counterpart हरुसंग मुलुकभित्र लगानी तथा प्रविधि आकर्षणका लागि सम्बन्ध स्थापित गर्न समेत म विशेष आग्रह गर्दछु ।
- महासंघले मेला महोत्सवको आयोजना मार्फत स्वदेशी उत्पादन तथा सेवाको प्रवर्द्धनमा उच्च प्राथमिकता दिएको छ,
- मुलुकको पछिल्लो आर्थिक अवस्था र महासंघले मुलुकको आर्थिक विकासमा निर्वाह गरेको भूमिकाका वारेमा यहाहरु सवै जानकार नै हुनुहुन्छ ।
- हाम्रा उद्यमी व्यवसायीमा उत्साह छैन । बजारमा माग घटेको छ । आफूले दिएको उधारो उठाउन सकेका छैनन । बैकबाट ऋण लिएर उद्योग व्यवसाय विस्तार गर्ने, नयां उद्योग व्यवसायको सृजना गर्ने कार्यमा निजी क्षेत्र कता कता डराइरहेको परिस्थिति छ । निर्माण क्षेत्रसंग सम्बन्धित उद्योगहरु ३०/४० प्रतिशतमा मात्र संचालन गरी जेनतेन टिकीरहेको अवस्था छ । ***समग्रमा भन्दा अहिले उद्योग व्यवसाय क्षेत्र धर्मराएको अवस्थामा छ ।***
- यो परिस्थितिमा NITF को आयोजनाबाट मुलुकले यतिखेर भोगीरहेको आर्थिक मन्दी, उद्योग व्यवसायमा देखिएको सिथिलतालाई केही मात्रामा भएपनि चलायमान बनाउन सहयोग पुग्ने हामीले ठानेका छौं,
- I wish success to all exhibitors, businessmen, and entrepreneurs at this grand fair. May your efforts lead to

unmatched success. To our foreign guests, I extend warm greetings and hope your time in Nepal is fruitful. May the connections made here lead to lasting collaborations and shared achievements.

- मेलाको प्राविधिक पाटोको सम्बन्धमा मेला समितिका सभापतिज्यूले राख्नुहुने विश्वास लिएको छु ।
- कार्यक्रममा आई दिनु भयो । प्रमुख अतिथिज्यू सहित सबै हाम्रा अतिथिगणमा पुन एक पटक स्वागत गर्दै मेरो मन्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद

मिति २०८० मंसिर १४ गते, विहीवार